अनुसूची - १

(दफा ४(२) सँग सम्बन्धित)

**सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको कार्यालय**

फिक्कल, इलाम

**लाभग्राही छनौट सम्बन्धी सूचना**

(प्रथम पटक प्रकाशित मिति : २०८१।०८।०९)

सूर्योदय नगरपालिका, नगर कार्यपालिकाको मिति २०८१।०६।१४ को छैठौँ बैठक (०८१/८२) को निर्णय (निर्णय नं. ८) अनुसार सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास निर्माण कार्यविधि, २०८१ बमोजिम सूर्योदय नगरपालिका, वडा नं. ७ का अति विपन्न नागरिकको आवास निर्माण गर्नका लागि अति विपन्न लाभग्राहीहरूले देहायको प्रक्रिया पुरा गरी यो सूचना प्रकाशित भएको मितिले पन्ध्र (१५) दिनभित्र माग बमोजिमका विवरण सहित सू.न.पा. ७ नं. वडा कार्यालयमा दरखास्त दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

**देहाय**

**आवश्यक विवरण:**

(क) सू.न.पा. वडा नं. ७ मा स्थायी रुपमा बसोबास गरी आफ्नै स्वामित्वमा जग्गा भएको हुनुपर्ने तर नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारबाट संचालित सुरक्षित नागरिक आवास कार्यक्रमबाट लाभ प्राप्त गरेका व्यक्ति लाभग्राही हुन नसक्ने।

(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) वडा कार्यालयबाट स्थलगत सर्जमिन गरी अतिविपन्न प्रमाणित भएको सिफारिस,

(घ) स्थानीय वा नेपाल सरकारलाई बुझाउनु पर्ने कर/ राजश्व बुझाएको,

(ङ) यस कार्यविधिले अनुदान पाउने भनी तोके बमोजिमको घरमा बसोवास गर्दै आएको र एकाघरको परिवारको सदस्यको नाममा अन्यत्र पक्की वा बस्न योग्य घर नभएको,

(च) अपाङ्गता भएका व्यक्ति, असहाय, सिमान्तकृत जाति, अल्पसङ्ख्यक जाति वा दलित जातिमा सूचीकृत भएको जाति, एकल महिला प्राथमिकतामा पर्ने।

(छ) स्थानीय निर्माण सामग्री र श्रमको योगदानको साझेदारी गर्न प्रतिवद्ध रहेको हुनुपर्ने।

(ज) निर्धारित ढाँचाको आवेदन।

२०८१/०८/०८

निमित्त प्रमुख प्रशासकीय अधिकृत

मिति:

श्रीमान् वडा अध्यक्षज्यू,
सूर्योदय नगरपालिका, वडा नं ७, कन्याम, इलाम।

विषय: आवास निर्माण गरी पाउँ।

प्रस्तुत विषयमा सूर्योदय नगरपालिकाको मिति २०८१।०८।०९ गते प्रकाशित सूचना बमोजिम मेरो देहायमा उल्लिखित विवरण सहित सूर्योदय नगरपालिकाको अतिविपन्न नागरिक आवास निर्माण कार्यविधि, २०८१ बमोजिम अति विपन्न नागरिक भएकोले **स्थानीय सामग्रीको प्रयोग गरी मेरो श्रम समेत साझेदारी गर्न मञ्जुर भई** आवास निर्माण गरी पाउँ भनी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु।

**आवश्यक विवरण:**

घरमूलीको नाम/ थर: ..............................................................
स्थायी ठेगाना: .......................................................................
टोल: ...................................................................................
परिवार सङ्ख्या: ....................................................................
घर/ जग्गा सम्बन्धी विवरण : जग्गाधनीको नाम/ थर: ..............................................................
कि.नं. ......................... जग्गा रोपनी ............................ साविक वडा नं/ सिट नं.. ...........................

| क्र.सं. | विवरण | लाभग्राहीको सहि विवरणमा (✓) चिन्ह लगाउने |
|---|---|---|
| १ | आफ्नो वा एकाघरको परिवारको नाममा रहेको जग्गा | ५ रोपनीभन्दा कम ☐<br>५ रोपनीदेखि २० रोपनीसम्म ☐<br>२० रोपनीभन्दा माथि ☐ |
| २ | हाल प्रयोगमा रहेको घरको क्षेत्रफल वर्ग मिटरमा | ३० भन्दा कम ☐<br>३० देखि ६० सम्म ☐<br>६० भन्दा माथि ☐ |
| ३ | उपभोगमा रहेको घरको क्षेत्रफल प्रतिवर्ग मिटरमा | १०० भन्दा कम ☐<br>१०० देखि ३०० सम्म ☐<br>३०० भन्दा माथि ☐ |
| ४ | घरभित्रको भुईं | माटो ☐<br>इटा/ढुंगा आदि ☐<br>सिमेन्ट ☐ |
| ५ | घरको गारो | बॉस, निगालो, चिर्पट, दाउरा, पराल, स्याउलाको टाँटी, चोषा, झिंगटा, खडाई आदि ☐<br>नमिलेको ढुङ्गा गारो, बास-कप्टेरो, भकारी आदिमा माटोले पोतेको तथा काठ/ फल्याक, कर्कट पाताको गारो, काँचो इँटामा माटोको जोड्नी ☐<br>मिलेको ढुँगाको गारो वा पाकेको इँटामा माटो वा सिमेन्टको जोड्नी गरेको ☐ |
| ६ | घरको छानो | फुस, स्याउँला, फ्लाष्टिको सिट आदि ☐<br>खपडा, टायल वा कर्कतपाता ☐<br>ढलान ☐ |
| ७ | खेतीयोग्य जग्गा | अन्यत्र जग्गा नभएको ☐<br>अन्यत्र जग्गा भएको ☐ |
| ८ | घरमुलीको हकमा | अतिविपन्न, असहाय, अशक्त, बृद्धबृद्धा, अनाथ, अपाङ्गता, बालबालिका, एकल महिला, घरमुली भएको अन्य ☐ |
| ९ | जीवनयापन | आफ्नै उत्पादनले ६ महिनासम्म खान नपुग्ने ☐<br>आफ्नै उत्पादनले ६ महिनासम्म खान पुग्ने ☐ |

**निवेदन सहित संलग्न कागजातहरू:**

क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
ख) जग्गाधनिपुर्जाको प्रमाणपत्रको प्रतिलिपि
ग) चालु आ.व.को कर/ राजश्व तिरेको रसिदको प्रतिलिपि

माथि उल्लिखित मेरो विवरण ठीक साँचौ हो। झूट्टा ठहरे कानून बमोजिम सहुँला/ बुझाँउला।

**निवेदकको**

हस्ताक्षर ....................................

| दायाँ | बाँया |
|---|---|
| | |